# बहुसांस्कृतिक पुस्तकालय :
## *सांस्कृतिक विविधितायुक्त समाजकालागि सम्वादको द्वार*

**परिचय**

मानिसहरु विभिन्न जातिहरुको मिश्रित समाजमा बस्छन् । संसारमा छ हजारभन्दा बढी भाषाहरु छन् । अन्तराष्ट्रिय बसाइ सराइको दर प्रत्येक वर्ष बढी रहेको छ जसको कारण जटिल पहिचानका मानिसको संख्या बढिरहेको छ । विश्वव्यापीकरण, बढ्दो बसाइ सराइ, छरितो संचार, यातायातको सहजीकरण तथा २१ औं शताव्दीका अन्य अवयव/शक्तिहरुका कारण धेरै देशहरुमा सांस्कृतिक विविधता बढिरहेको छ जुन ती देशहरुमा पहिले अस्तित्वमा आएका थिएनन् वा भएका बहुसांस्कृतिक संरचनलाई वढावा दिइरहेका छन् ।

'सांस्कृतिक विविधता' वा 'बहुसांस्कृतिक' भन्नाले सौहार्दपूर्ण सहअस्तित्व र विभिन्न संस्कृतिको अन्तरक्रिया बुझिन्छ 'जहां संस्कृतिलाई एउटा छुट्टै अध्यात्मक, भौतिक, बौद्धिक र भावनात्मक विशेषता सहितको समाज वा सामाजिक समूहको रुपमा आदर गर्नुका साथै कला र साहित्य, जीवनशैली, संगै बस्ने तरिका, मूल्य मान्यता, परम्परा र विश्वासहरु समेटिएको हुन्छ ।' सांस्कृतिक विविधता वा बहुसांस्कृतिक भनेको स्थानीय समुदाय र विश्व समुदायको सामूहिक शक्तिको आधार हो ।

सांस्कृतिक र भाषिक विविधता मानव मात्रको साझा सम्पदा हो जुन सबैको हितकोलागि संमानका साथ प्रवर्द्धन गर्नु पर्दछ । यो मानिस वीचको आदान प्रदान, आविष्कार, सिर्जनात्मक, शान्तिपूर्व सह अस्तित्वको स्रोत हुनु पर्छ । 'एक आपसमा विश्वास र समझदारीको वातावरणमा सांस्कृतिक विविधता, सहनशीलता, सम्वाद, सहयोगकोलागि आदर गर्नु नै अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको प्रतिवद्धता हो ।' त्यसकारण, सबै किसिमका पुस्तकालयहरुले अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा अनि अन्तर सांस्कृतिक सम्वाद र सक्रिय नागरिकहरु वीचमा सांस्कृतिक र भाषिक विवधताको प्रतिविम्व, सहयोग र प्रवर्द्धन गर्नु पर्छ ।

पुस्तकालयहरुले विविध रुची तथा समुदायको सेवा गर्छ र तिनीहरुले शैक्षिक, सांस्कृतिक र सूचना केन्द्रको रुपमा काम गर्छन् । आधारभूत स्वतन्त्रता, सूचना र ज्ञानमा सहज पहुंच सिद्धातमा प्रतिवद्ध भै पुस्तकालयले सांस्कृतिक पहिचान र मूल्यप्रति सन्मान राखी सांस्कृतिक र भाषिक विविधतामा सम्बोधन गर्नु पर्छ ।

## *सिद्धान्तहरु*

हाम्रा विश्वव्यापी समाजका प्रत्येक व्यक्तिलाई सबै खालका पुस्तकालय र सूचना सेवाको अधिकार छ । सांस्कृतिक र भाषिक विविधता सम्बोधन गर्ने क्रममा, पुस्तकालयले

- समाजका सबै सदस्यहरुलाई सांस्कृतिक र भाषिक सम्पदामा आधारित कुनै भेदभावविना सेवा प्रदान गर्नु पर्छ
- उपयुक्त भाषा र लिपिमा सूचना दिनु पर्छ,
- सवै समुदाय र आवश्यकतालाई ध्यानमा राखी सबै प्रकारका सामाग्रीहरु तथा सेवाहरुमा पहुंच दिन सक्नु पर्छ,
- समुदायको विबिधता प्रतिनिधित्व हुने गरी कर्मचारीको व्यवस्था र विविध समुदायलाई सेवा दिन र संगै काम गर्न कर्मचारीलाई तालिम दिनु पर्छ,

सांस्कृतिक र भाषिक विविधताका सन्दर्भमा पुस्तकालय र सूचना सेवाहरुमा सबै प्रकारका पुस्तकालय उपयोग कर्ता र कम प्रतिनिधित्व भएका सांस्कृतिक र भाषिक समूहप्रति लक्षित गरी सेवाहरु समावेश गर्नु पर्दछ । सांस्कृतिक विविधतायुक्त समुदायहरु जस्तै अल्प संख्याका शरणार्थीहरु, राजनैतिक कारणबाट विदेशमा आश्रित समूहहरु, छोटो समयका लागि बस्न अनुमति प्राप्त व्यक्तिहरु, आप्रवासी कार्यकर्ता, जनजाति समुदायकोलागि विशेष ध्यान दिनु जरुरी छ ।

## *बहुसांस्कृतिक पुस्तकालय सेवाका ध्येय*

सांस्कृतिक विविधतायुक्त समाजमा तल उल्लेखित सूचना, साक्षरता, शिक्षा र संस्कृतिमा जोड गरी मुख्य उद्देश्य केन्द्रित गर्नु पर्छ :

- सांस्कृतिक विविधताको सकारात्मक मूल्यको बारेमा सचेतना वनाउने र सांस्कृतिक सम्वादमा अभिवृद्धि गर्ने
- भाषिक विविधतालाई वढावा दिने र मातृभाषालाई सम्मान गर्ने
- विभिन्न भाषाहरुको सौहार्दपूर्ण सह(अस्तित्वलाई सहजीकरण गर्ने र बच्चादेखि नै विभिन्न भाषाहरु सिक्न अभिप्रेरित गर्ने,
- भाषिक र सांस्कृतिक सम्पदाको संरक्षण गरी  सबै उपयुक्त भाषाहरुको अभिव्यक्ति, सृजना र प्रचार प्रसार गर्नमा सहयोग गर्ने,
- मौखिक अथवा श्रुति परम्परा र अमूर्त सांस्कृतिक सम्पदालाई सहयोग गर्ने
- विविध सांस्कृतिक समूह तथा व्यक्तिको सहभागिता र समावेश गर्नमा सहयोग गर्ने
- डिजिटल युगमा सूचना साक्षरताको वढावा दिने र सूचना तथा संचार प्रविधिमा दक्षता हासिल गर्ने
- साइवर स्पेस (विद्युतीय माध्यम) मा भाषिक विविधताको प्रवर्द्धन गर्ने
- साइवर स्पेस (विद्युतिय माध्यम) मा विश्वव्यापी पहुंचलाई वढावा दिने र सांस्कृतिक बहुलवादकोलागि  ज्ञान तथा सफल प्रयोगहरुको आदान प्रदान गर्नमा सहयोग गर्ने

*व्यवस्थापन र संचालन*

बहुसांस्कृतिक पुस्तकालयले सवै प्रकारका पुस्तकालयहरुले एकीकृत सेवा विधि अंगालुन् भन्ने अपेक्षा गर्छ । सांस्कृतिक र भाषिक विविधतायुक्त समुदायकालागि पुस्तकालय र सूचना सेवाहरुको मुख्य गतिविधिमा केन्द्रीय, 'छुट्टै' वा 'थप' नहुने गरी स्थानीय तथा निश्चित आवश्यकता अनुसार तयार गरेको हुनुपर्छ ।

पुस्तकालयको आफ्नो नीति र रणनीतिक योजना हुनु पर्दछ र सांस्कृतिक विविधतालाई ध्यानमा राखेर ध्येय, उद्देश्य, प्राथमिकीकरण र सेवाहरु उल्लेख गर्नु पर्छ । वृहतरुपमा प्रयोगकर्ताको आवश्यकताको विश्लेषण र यथोचित स्रोत साधनको आधारमा पुस्तकालय योजना तयार हुनु पर्छ ।

पुस्तकालय गतिविधिहरु एकल तरिका वा पृथक आधारमा विकास गर्नु हुदैन । स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरमा सम्वन्धित पुस्तकालय प्रयोग कर्ताको सहकार्यलाई जोड दिनु पर्छ ।

*मुख्य कार्यहरु*

बहुसांस्कृतिक पुस्तकालयले

- सांस्कृतिक विविधता र वहुभाषिक संकलनहरु विकसित गर्ने र सेवा प्रदान गर्ने क्रममा डिजिटल र मल्टिमेडिया स्रोतहरुमा जोड दिने
- सांस्कृतिक अभिव्यक्ति र सम्पदाको संरक्षणकोलागि स्रोत साधन छुट्याउने, मौखिक/श्रुति परम्परा, जनजाति र अमूर्त सांस्कृतिक सम्पदामा विशेष ध्यान दिने
- प्रयोगकर्ताहरुलाई शिक्षा, सूचना, साक्षरता सीप, नव आगन्तुक स्रोत, सांस्कृतिक सम्पदा र अन्तर सांस्कृतिक सम्वादलाई पुस्तकालय सेवाको अभिन्न अंगको रुपमा समावेश गर्ने
- सूचना व्यवस्थापन र प्रणाली विकसित गरी पुस्तकालयको स्रोत साधनलाई उपयुक्त भाषामा पहुंच पुर्याउने
- पुस्तकालयमा विभिन्न समूहलाई आकर्षण गर्न उपयुक्त माध्यम र भाषामा बजारीकरण गर्न र सेवा विस्तारकोलागि सामग्रीहरु विकास गर्ने ।

*पुस्तकालय सेवी/कर्मचारी*

पुस्तकालय कर्मचारी प्रयोग कर्ता र साधन वीचका सक्रिय मध्यस्थकर्ता हुन् । ती कर्मचारीहरुलाई व्यवसायिक शिक्षा र निरन्तर तालिम दिइनु पर्दछ ता कि बहुसांस्कृतिक समुदाय, अन्तर सांस्कृतिक संचार र संवेदनशीलता, भेदभावरहित, संस्कृति र भाषामा केन्द्रित सेवा प्रदान गर्न सकोस् ।

बहुसांस्कृतिक पुस्तकालयका कर्मचारीले समुदायको सांस्कृतिक र भाषिक विशेषतालाई प्रतिविम्व गरी सांस्कृतिक सचेतना, समुदायमा पुस्तकालय सेवाको असर र संचारलाई वढावा दिएको हुनु पर्छ ।

*कोष व्यवस्थापन, वैधानिकता र संजाल*

सरकारी र अन्य सम्बन्धित निकायहरुलाई पुस्तकालय र पुस्तकालय प्रणाली स्थापना गर्न र यथेष्ट कोषको व्यवस्था गरी सांस्कृतिक विविधता तथा बहुसांस्कृतिक समुदायलाई निशुल्क पुस्तकालय र सूचना सेवा प्रदान गर्न आग्रह गरिन्छ ।

बहुसांकृतिक पुस्तकालय सेवा विश्वव्यापी प्रकृतिको हो । यो गतिविधिमा संलग्न सवै पुस्तकालय सम्बन्धित स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संजालमा सहभागिता भै नीति निर्माणमा भाग लिनु पर्छ । सूचना सेवा निर्वाध र सुरक्षित उचित कोषकोलागि तथ्यांक लिनकोलागि अनुसन्धान हुनु पर्दछ । अनुसन्धानका नतिजा र सफल प्रयोगहरु बारे व्यापक रुपमा प्रचार प्रसार गरी बहुसांस्कृतिक पुस्तकालय सेवाहरुलाई प्रभावकारी बनाउनु पर्छ ।

*घोषणापत्र लागू गरिने*

अन्तर्राष्ट्रिय समुदायले पुस्तकालय र सूचना सेवालाई भाषिक र सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने भूमिकालाई मान्यता दिनु पर्दछ र सहयोग गर्नु पर्छ ।

विभिन्न तहका नीति निर्माताहरु र संसारभरिका पुस्तकालय समुदायहरुलाई यो घोषणापत्रलाई व्यापक रुपमा प्रचार प्रसार गर्न र घोषणा पत्रमा उल्लेखित सिद्धान्त तथा कार्यहरुलाई कार्यान्वयन गर्न आग्रह गरिएकोछ । (मार्च २०१२)

(***अंग्रजीबाट नेपाली भाषामा अनुवाद गर्ने श्री जुजुभाई डंगोल, पुस्तकालय व्यवस्थापक, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, भृकुटीमण्डप, काठमाडौं, नेपाल । फोन न. ९७७-०१-४२२११६३, Email: kvpl@live.com, Web: www.kvpl.org.com.np Pox. Box No: 23854, Mobile no: 977 9803035980***)